# माछापुच्छ्रे गाउपालिका
## गाउ कार्यपालिकाको कार्यालय
लाहाचोक कास्की

### मोटरसाइकल खरिद कार्यको लागि पुनः शिलवन्दी दरभाउपत्र आहवान्को सूचना
प्रथम पटक प्रकाशित मिति : २०७४।१०।१६
दोस्रो पटक प्रकाशित मितिः २०७४।११।११

यस कार्यालयको चालु आव २०७४।०७५ मा निम्न अनुसारका सवारी साधनहरु आवश्यक भएकोले सोको खरिद कार्य सिलवन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत विक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक शिलवन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सवैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र चालु आ.व. का लागि नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. ०७३।०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र शिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका दररभाउपत्रहरु सोही दिनको २.०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
३. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयानुसार हुनेछ ।
४. दरभाउपत्र साथ जमानत वापतको रु.५०,०००।०० हुन आउने रकम रा.वा. बैंक लिमिटेड, पोखरा पृथ्वीचोक स्थित शाखामा यस कार्यालयको धरौटी खाता नम्बर ३०२०३०३००७१०५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (Bid Bond) (दरभाउपत्र पेश गरेको अन्तिम मितिबाट ७५ दिन मान्य भएको) पेश गर्नुपर्नेछ ।
५. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
६. दरभाउपत्रदाताबाट दरभाउपत्रमा उल्लेखित मुल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहीछाप भएको हुनुपर्नेछ ।
७. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सवै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
९. यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, अन्य प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछ ।
१०. दरभाउपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नागरिक समाज तथा सञ्चारकर्मी समेतको उपस्थितिको लागि अनुरोध गरिएको छ ।
११. शिलवन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ ।

| ठेक्का नम्बर | कामको विवरण | संख्या | जमानत बापत धरौटी रकम | बोलपत्र फारम दस्तुर रकम |
|---|---|---|---|---|
| ४/२०७४/०७५ | दरभाउपत्र कागजातमा संलग्न स्पेशिफिकेशन अनुसारको मोटरसाइकल आपूर्ति कार्य | ५ (पाच) | रु.५०,०००।०० | १,०००।- |

प्रमुख प्रशासकिय अधिकृत